# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com


राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-२२ | २०७६ पौष २३ गते बुधबार | 08 January 2020 Wednesday | मूल्य रु. १०/-


# व्यापारी दोहोरो करको मारमा

मिसन न्यूज

कालिकोट



खाँडाचक्र नगरपालिकाले व्यावसाय दर्ताको लागि प्रकासित गरेको सुचना । तस्विर : मिसन न्यूज

जिल्लाको खाँडाचक्र नगरपालिकाले नगरपालिकाभित्र व्यापार व्यवसाय गरिहेका व्यापारीहरुलाई नगरपालिकामा व्यवसाय दर्ता गर्न आग्रह गरेको छ । स्थानिय सरकारि संचालन ऐन २०७४ ले नगरभित्र व्यापार व्यवसाय गर्ने उद्योगि व्यापारिलाई नगरपालिकामा अनिवार्य दर्ता गर्ने प्रावधान छ । तर, स्थानिय सरकार आएको अढाई वर्ष बित्न लाग्दा समेत अहिलेसम्म कोही व्यापारीहरुले नगरपालिका वा गाँउपालिकामा व्यावसाय दर्ता गरेका छैनन ।

खाँडाचक्र नगरपालिकाले नगरभित्र व्यापार व्यवसाय गरी बसेका व्यापारिहरुलाई एक हप्ता भित्र व्यावसाय दर्ता गर्नका साथै घरवाहाल कर तिर्न चिठी काटेपछि व्यापारीहरु आतंकित बनेका छन् । व्यापारीहरुले संघीयताले केही फाइदा देला भनेको झन् मारमा पार्ने भयो पेय प्रर्दाथ संघका जिल्ला अध्यक्ष जिवन बहादुर शाहिले गुनासो पोखे । आफुहरुलाई अहिलेसम्म जिल्ला घरेलु कार्यालय, उद्योग वाणिज्य माहासंघ र कर कार्यालय गरी तिन ठाँउमा कर बुझाउनु पर्दाको मार छुट्टै छ , फेरि नगरपालिकाले कर लिदा दोहोरो करको मारमा परेको गुनासो गरे । एक त सदरमुकाम भित्रको नगरपालिका त्यसैमा संघीयताले गर्दा मानिसहरुको चहलपहल घट्दै गई व्यापार घटेको अवस्थामा झनै दोहोरो करको मारमा परेको गुनासो गरेका छन् । जति चिठि पठाए पनि नगरपालिकामा व्यवसाय दर्ता नगर्ने व्यापारिहरुले बताएका छन् । दोहोर कर उठाउने नगरपालिकाले जनहित विपरित काम गरेको स्थानीय व्यापारिले बताएका छन् । गाउँमा विहान खाए वेलुका के खाउँ भन्ने नागरिकलाई नगर कार्यपालिकाले धोका दिएको गुनासो छ । दुर्गम जिल्लामा यसरी व्यापारीलाई दाहोरो कर लगाउने पहिलो स्थानीय तह भएकाले तत्काल व्यापारीहरु एक भएर आन्दोलनमा उत्रिने आक्रोस व्यक्त गरेका छन् । डोजर चलाएर गाउँ बेरोजगार बनाउने स्थानीय तहको विरुद्ध आवाज उठाउने रोनी जनरल स्टोरका प्रोपराइटर जीवनकुमार शाहीले बताए । यसरी व्यापारीको छातिमा लात हान्ने स्थानीय तहको कर प्राणाली तत्काल खारेज नगरे सबै व्यापारी आन्दोलनमा उत्रिन बाध्य हुने उनले बताए । निजि क्षेत्रसंग समन्वय, सहकार्य नगरी दोहोरो कर असुल्ने काम गलत भएको व्यापारीको बुझाइ छ ।

# छाउगोठ भत्काउँदै प्रहरी

कालिकोट-जिल्लामा १५ वटा छाउगोठ भत्काइएका छन् । अछाम जिल्लासँग सिमाना जोडिएको नरहरिनाथ गाउँपालिकामा रहेका विभिन्न ठाउँका १५ वटा छाउगोठ भत्काइएका हुन् । नरहरीनाथ गाउँपालिकामा रहेका १५ वटा छाउगोठ पूर्ण रुपमा भत्काइएको कालिकोटमा डीएसपी श्यामबाबु ओलियाले बताए । जिल्ला प्रशासन कार्यालयले छाउगोठ भत्काउन उर्दी जारी गरेको थियो ।

नरहरिनाथ गाउँपालिकाको लालु, कुमालगाउँ र रुप्सामा रहेका छाउगोठ स्थानीयको सूचनाका आधारमा भत्काइएका हुन् । प्रहरीले जिल्लाभर छाउगोठ भत्काउने अभियान थालेको छ । तर, जिल्लाका कतिपय गाउँबस्तीमा महिनावारी हुँदा छाउगोठमा नभई गाई, भैसीसँगै गोठमा बस्ने



गर्छन् । यस विषयमा प्रहरीले सचेतना फैलाएको छ । प्रहरीले सुरु गरेको सर्च अभियानका क्रममा छाउगोठमा बसेको भेटिए कानुनी कारवाही हुनेछ । महिनावारी भएका बेला छाउगोठमा राख्ने व्यक्तिको घरमा वृद्धभत्ता, सामाजिक सुरक्षा भत्ता, सहुलियत कर्जा, सिफारिसलगायत सरकारी सेवा रोक्का गरिने जिल्लामा निर्णय भएको छ । दुर्गमका प्रहरी युनिटलाई समेत आफ्नो सेवा क्षेत्रभित्र छाउगोठ भए/नभएकोबारे सूचना संकलन गर्न निर्देशन दिइएको छ ।

जिल्ला प्रशासन कार्यालय कालिकोटले गत सोमबार सार्वजनिक सूचना जारी गर्दै जिल्लाका कुनै पनि स्थानमा छाउगोठ नराख्न आग्रह गरेको थियो । जिल्लाका ग्रामीण क्षेत्रमा अहिले पनि छाउ बार्ने चलन छ । मुलुकी अपराधसंहिता, २०७४ ले परिभाषित गरेका सामाजिक विभेद र भेदभाव तथा अपमानजनक व्यवहारविरुद्धका कानुनी व्यवस्था सम्बन्धमा आमनागरिकमा व्यापक सचेतनामूलक अभियान सञ्चालन गरिने प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौडेलले जानकारी दिए ।

# काइनेट उत्खनन रोक्दै गाउँपालिका

मिसन न्यूज

कालिकोट



शुभकालिका गाँउपालिकामा रहेको काइनेट खानी । तस्विर : मिसन न्यूज

जिल्लाको शुभकालिका गाँउपालिका र सान्नी त्रिवेणी गाउँपालिकाले बहुमुल्य काइनेट खानी अवैध रुपमा मासिँदै गइरहेको भन्दै खानी सञ्चालनमा रोक लगाएको छ । अवैधरुपमा काइनेट खानी उत्खनन गर्नाले एकातिर राजश्व छलि हुने र अर्को तिर ठुलोमात्रामा बनविनास भएको भन्दै स्थानीय र जनप्रतिनिधिबीचको बैठकले खानी बन्द गर्ने निर्णय गरेको हो । तलबाट उत्खनन गरी काइनेट निकाल्दा रुखहरु काट्नु पर्ने र पहिरोको जोखिममा गाउँ जोखिममा परेको छ ।

धेरैजसो बनविनास हुने हुँदा काइनेट खानी बन्द गर्ने निर्णय गरेको गाँउपालिका अध्यक्ष खडानन्द चौलगाईले जानकारी दिए । गएको असाढमा वडा समिति र सरोकारवालाबीच बैठकमा खानी उत्खननबाट विभिन्न १४ खाले समस्या आउने विश्लेषण गरिएको थियो । बन विनाश पहिरोको जोखिम, पानीको मुहान सुक्ने खतरा र जैविक विविधतामा असर पुगेको स्थानीयको भनाइ छ । जिल्ला भन्दा बाहिरका धेरै इन्डस्ट्रिजले स्थानिय सरकार आएको एक वर्षसम्म अवैध रुपमा काइनेट उत्खनन गरे । पहिलो वर्षमा खानीको गाउँपालिका र जिल्लावाट अनुगमन गर्दा काइनेट निकाल्नको लागि ठेकेदारहरुले कानुन विपरित राति राति ब्लास्टिङ समेत गरेको पाइएपछि स्थानिय सरकारर सरोकारवाला पक्षहरुको बिच बैठक बसी खानी बन्द गर्ने निर्णय गरेको हो । गाउँपालिकाको आम्दानीको मुख्य स्रोतनै काइनेट भएको हुनाले यसको संरक्षणमा मुख्य चासो राखेका छ । स्थानिय सरकार संचालन ऐन अनुसार स्थानिय स्यरका खानिहरुको उत्खनन हैन, संरक्षण गर्ने अधिकार दिएको हुनाले पनि हामीले यसको संरक्षणमा ध्यान दिएको बताए । कम्पनीले खानी उत्खनन गर्दा मापदण्ड पूरा गरेको छैन ।

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## मनको छाउगोठ भत्काऔं

मुलुक विकास र चेतनाका हिसाबले सुस्त गतिमै किन नहोस् फड्को मार्ने अभियानमा भए पनि छाउपडीलगायतका अन्धविश्वासमा आधारित प्रथा भने झन्झन् मजबुत हुँदैछन् । आधुनिकताले प्राचीन संस्कारहरूलाई दमन गर्दै गएका यथार्थ धेरैतिर देखिन्छन् तर यस्ता प्रथा भने फस्टाइरहनु चिन्ताको विषय हो । त्यसैले त कहिले जंगली जीवजन्तुका कारण छाउपडी गोठमै महिनावारी भएका महिलाको मृत्यु हुने गरेको छ भने कतिपय अवस्थामा घाइते ज्यान लिएर बाँच्न विवश छन् । छाउ अर्थात् महिनावारी। पडी अर्थात् महिनावारी भएकी महिला । गोठ अर्थात् छाउ भएकी महिला बस्ने ठाउँ। यही तीन शब्दको संयोजन ‘छाउ पडी गोठ’ हरेक वर्ष सयौं महिलाका लागि काल बन्ने गरेको छ । छाउपडी प्रथा हजारौं महिलालाई चिन्तित तुल्याउने विषय बनेको छ भने धेरैका लागि चासो र ध्यानाकर्षणको सवाल बनेको छ । खासगरी सुदूरपश्चिम नेपालमा यो प्रथा व्याप्ते छ । स्थानीय स्तरमा यसअघि पनि यसको अन्त्यका लागि प्रयास नभएका होइनन् तर, यसपटक भने स्थानीय सरकार र प्रहरीले नै यसमा चासो राख्नु र त्यसैअनुसार आफ्ना कदम अगाडि बढाउनुलाई सकारात्मक रूपमा लिन सकिन्छ । वास्तवमा चेतना जगाउने तथा सल्लाहसुझावका सबै उपाय कामयावी नभएपछि स्थानीय तह र प्रहरीले बाध्य भएर चालेको यो कदम प्रशंसनीय छ । प्रहरीले र स्थानीय सरकारलेचालेको कदम सवै नागरिकले अनुसरण गर्नु आवश्यक छ । व्यवस्थापिकीय, कार्यपालिकीय र न्यायपालिकीय अधिकार अभ्यास गर्न पाएकै कारण स्थानीय तहलाई सरकार भनिएको हो ।

सिंहदरबार गाउँ पसेको तर्क पनि यसैमा आधारित छ । त्यसैले अधिकार नपाउँदा त पाएनन् तर,पाएको अधिकार पनि प्रयोग गर्न नसक्नु भने ‘माल पाएर पनि चाल नपाउनु’ उखानको पर्यायमात्र हो । देउता भएको ठाउँ वरिपरिबाट हिँड्न नहुने, पुरुषलाई छुन त के हेर्न पनि नहुने, गाईभैंसी बाँध्ने ठाउँमा समेत बस्न नहुने, देउताको मन्दिर भएका ठाउँमाथिको बाटोबाट हिँड्न नहुने, दूध खान नहुने र यी सबै गतिविधिबाट वञ्चित गराउनका लागि टाढा वा एकान्तको झुपडी, छाप्रो वा बेरबार गरिएको ‘गोठ’ मा बस्नुपर्ने जस्ता नियम यो प्रथाका संहिता हुन् । यस्ता जुन विशुद्ध अन्धविश्वासमा आधारित सामाजिक अपराधलाई मनैदेखि हटाएर सभ्य समाज निर्माण गर्न आवश्यक देखिन्छ ।


### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**



### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**


# परनिर्भर बन्दै राउटे समुदाय

मिसन न्यूज
सुर्खेत

जङ्गलमा फिरन्ते जिवन विताउदै आइरहेका राउटे समुदाय समय अनुसार आधुनिकतामा रमाउन थालेका छन् । पछिल्लो समय राउटे समुदायमा दिनहुँ जसो गैरराउटेको उठबस र राउटेमा आएको खुकुलोपनले आधुनिकतातिर



उन्मुख भएका हुन् । विगतमा पैसा छोए पाप लाग्छ भन्ने राउटे आजभोली कसैले फोटो खिच्दा पैसा चाहिन्छ भनेर माग्ने गर्दछन् । राउटेमा काम गर्ने गैरसकारी संघ संस्थाले उनीहरुसँग हेलमेल हुनका लागि मद्यपान र धुम्रपान दिन थालेपछि उनीहरुमा खुकुलोपन आएको हो । खसी र चामल पाएमा हुरुक हुने, र अरुले दिएको खानेकुरालाई उपहार ठान्ने यो समुदाय पछिल्लो पटक मद्यपान ,धुम्रपानमा लत बसेको बताउँछन् राउटे मुखिया विरबहादुर बहादुर शाही । ‘शूरुमा हामीलाई रमाएलो लाग्ने गाउँलेहरुले दिएको रक्सी आजभोली बानी नै परेको छ । कसैलाई फोटो खिच्न नदिने,सित्तैमा अरुले दिएको खाने कुरा नखाने,बस्तीमा नचिनेको मान्छेलाई प्रवेश गर्नमा रोक लगाउने कार्य राउटे समुदायमा अहिले मद्यपान र धुम्रपानका कारण खुकुलो भई परम्परा ओझेलमा पर्दै गएकोमा राउटे मुखिया महिनबहादुर शाहीले चिन्ता व्यक्त गरे । ‘हामीहरु गाउँका अरु मानिस जस्तो रक्सी खाएर झगडा गर्दनौ र रक्सी पनि बनाउदैनौ वरु गाउँबाट नै किनेर खान्छौ । रक्सी सेवन गरि बगालामा झगडा गर्ने व्यक्तिलाई राउटे समुदायका अन्य युवा मिली हातखुटामा डोरीले बाधेर लडाई दिने गर्छौ. ।’ जाँड रक्सीको सेवन गरे पनि जाँड नबनाउने गरेको र बनाएमा देवी देवता रिसाएर सिकार विग्रिने मानिस विरामी पर्नै विश्वास यो समुदायमा छ । आफ्नो परम्परालाई निरन्तरता दिदै आइरहेका राउटे समुदाय पछिल्लो समयमा आधुनिकता तिरभन्दा पनि बिग्रदो सँस्कृतिको पछि लागेको स्थानिय जानकारहरुको बुझाई रहेको छ । नेपाल सरकारले लोपोन्मुख जातीलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षाको भत्ता पाउनासाथ राउटेले मदिरा पिउने गरेको मुखिया दिलबहादुर शाहीले बताए । ‘आजकाल तन्नेरी मान्दैन् पैसा पाउना साथ रक्सिको खोजी गर्छन्,उनले भने । विधवा महिला बाहेक अन्य राउटे महिला कोशी वेच्न गाउँघरमा नजाने परम्परा थियो । पुरुषहरु मात्र काठका मधुस,कोशी,खाट बनाएर अन्न सँग साट्ने गर्थे । मानिसको जनसँख्या वृद्धिसँगै वन दिनप्रतिदिन फडानी हुदै गएपछि र समुदायमा हस्तान्तरण गरिएकाले राउटेको पेशा संकटमा परेको हो । नेपालका सम्पदा र कर्णाली प्रदेशको गहनाका रुपमा चिनिने यो समुदायका राउटे महिला पनि ठुल-ठुला सहरको होटलहरुमा गएर नास्ता,खाना लिने गरेका छन् ।


### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**


१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# भारतीय हस्तक्षेप केवल सिमानाको मात्रै हैन



चित्रसिंह गाउँले

निकै बलियो र वैभवशाली सिंजा साम्राज्य त्यसै सहजै समाप्त भएको हैन भन्नेमा इतिहासले प्रष्ट बोलेको छ । सिंजाका शाशकहरुमै राज्य जोगाउने सन्दर्भमा विवेक कम हुदै गएपछि गोर्खालीहरुले सिंजा कब्जा गर्ने मौका पाएका हुन । आफ्नो धेरै पटकका तयारीहरु असफल भएको देख्दादेख्दै गोर्खाले अन्ततोगत्वा असोजको महिना खेतीपातीको काम र दशैंले गर्दा सिंजाली सैन्यशक्ति तितरबितर भएको बेला पारेर राज्य कब्जा पार्न सफल भएको देखिन्छ। यो मैले उदाहरण मात्रै पेस गर्न खोजेको विषय हो ।

त्यतिखेरको गोर्खालाइ टुक्रे राज्यहरु एकीकरणका नाममा आफुलाइ लागेको बढेको उन्मादले विशाल सिंजा साम्राज्य ध्वस्त गर्नु जम्मै उचित हैन । यस्तै विस्तावादको उन्माद चढेको भारत पनि नेपालका सिमा क्षेत्रमा हस्तक्षेप हानिरहेको छ । सिंगो देश नेपाल निदाएको ठान्नासाथ भारत हाम्रा सिमा हस्तक्षेप गर्नाका लागि दाउ हेरेर ननिदाइ सिमाक्षेत्रमा पहरा दिइरहन्छ भन्ने यसपटकको 'सर्भे अफ इण्डिया' ले प्रष्ट पारेको छ । विस्तारवादी भारतीय चालबाजी कस्तो हुन्छ भन्नेमा चलचित्र र पुस्तक पढेर थाह पाउने मान्छेहरुलाइ पनि यसपटकको भारतीय राजनीतिक नक्साले अब चलचित्र हेरिरहनु नपर्ने बनाइदिएको छ। हामी अहिले देशमा संघीयतालाइ हुर्काउने प्रारम्भिक चरणमा पाइला चालिरहेका बखत हाम्रा कदममा ठेस लगाउने गम्भीर षड्यन्त्रको रुपमा भारतीय राजनीतिक नक्सालाइ बुझ्नुपर्ने पनि हुनसक्छ । गाउँबाट आफ्नो विरोधी आस्थाको मान्छे जिल्लातिर आउदा भेट भएका बखत मुखनेर के कति कामले आउनु भएको हो भनेर मिठा बात मार्दै पिठ्युँमा हान्ने तर पछि हुने कामपनि नहुने बनाउने हाम्रा कतिपय नेताहरू जस्तै व्यवहार देखाउन भारत पनि खुबै सिपालु रहेछ । देशको व्यवस्थामा धक्कादिने सपना देखेर ति सपना साकार पार्न भारतको आश्रय लिन चाहनेहरुका कारणपनि हामीमाथि भारत हावी बन्न थालेको हुन सक्छ। देशको सिमा र राष्ट्रियता लाइ हामीले भौगोलिक अखण्डता समेतलाई ध्यान नदिएर आफ्ना दलगत या अन्य क्षेत्रगत चाहनालाई शिरमा राखेर कमजोरी थाल्नु उचित हुदैन ।

एकातिर भारतको गुलामी सहित भित्रभित्रै आश्रय लिने अनि अर्कोतिर नेपालको झण्डा समाएर सडक तताउदै उभद्रो मच्चाएर हामी बलियो हुन सक्दैनौं । अहिलेसम्मपनि भारत पाकिस्तान लगाएत धेरै देशसँग हायलकायल भएर नेपाली मार्फत नेपाल बाहेकका सिमाना सुरक्षा गरिरहेको छ । भलै नेपालीले त्यो जिम्मेवारी पाए वापत सुविधा पाए होलान् तर लडाइँमा अग्र मोर्चा सम्हाल्न बानी परेका नेपालीको बिरताको संघर्ष भिमकाय छ भन्ने भारतले बुझ्न सक्नुपर्छ। हामीले हाम्रो सिमा मिचिएको टुलुटुलु हेरिरहने हो भने कुनैबेला सिंजा राज्य हालको नेपालभन्दा बाहिर इण्डियाका लखनउ र काश्मिर मात्रै नभइ चीनतर्फ तिब्वतका खारी प्रदेश र गुगे भन्दा पर पुगेर मानसरोवर समेत आफ्नो क्षेत्रभित्र पारेर सञ्चालित थियो भन्ने इतिहास पढ्नु जस्तै हाम्रो हालको नेपालका भावी पुस्ताले अहिले हामी बसेका भूगोल पनि किताबमा पढ्नुपर्ने स्थिति आउनुको विकल्प छैन । भारतले हाम्रो हजारौं हेक्टर भूगोलमा मात्रै हस्तक्षेप गरेको छैन। हाम्रो आत्म सम्मान, सँस्कृति र आर्थिक विकासका बाटाहरुमा पनि काँडेतार फिजेको छ । केपी ओली नेतृत्वको अघिल्लो सरकारको समयमा भारतले हामीलाई आफ्नो खुट्टामा उभिन सिक भनेर पाठ पढाइको हामीले चाडैं बिर्सेयौं । कहिले सुस्ता,कहिले कालापानी लगाएत देशका ७१ स्थानमा सिमा लफडा गरिरहेको भारतका लागि लिपुलेक बुढी मरि मात्रै नभइ काल पल्केको रुपमा हामीले बुझ्नैपर्छ ।

बहुमुल्य जडिबुटी र बनस्पति भएका वनहरुमा हेरालो नराख्दा जसरी तस्करीका लागि बाटो खुल्छ त्यसैगरी हामीले भारतलाई सिमा हस्तक्षेपको बाटो खुला गरेकै छौं । अर्काको केही बहुमूल्य सामान भेटाउदा यो कस्को सामान हो भनेर फिर्ता गर्ने इमानदार बानी भएका मान्छेहरु जस्तो नभइ बसपार्कमा पाकेट मार्ने मान्छेजस्तै व्यवहार भारतको छ भनेर सावधानी अपनाउनु हाम्रा लागि उत्तम यहीनै हो। यतिबेला देशमा मजबुत कम्युनिस्ट सरकार बिधमान रहेका बखत नै हामीले अहिले उठेको समस्या कुटनैतिक र राजनीतिक रुपमा समाधान गर्न सक्छौं । भारत र नेपालको बिचमा हामीले केवल नकारात्मक पाटाहरु मात्रै हेरेर हुँदैन । सिमाको विषयमा यस्तै प्रकारका समस्या आएकोमा भारतले आफ्नो अडानबाट पछि हटेर नक्सा सच्याउने काम नगरेमा मात्रै साच्चिकै भारत छिमेकीको सम्बन्धबाट पनि टाढा पुगेको ठानौला ।यधपी नेपाल - भारत पेट्रोलियम पदार्थको पाइपलाइ बिस्तार मात्रै नभएर सञ्चालन भइ अब खाना पकाउने ग्यास समेत यस्तै माध्यमबाट नेपाल आउने विषयमा दुई देशबिच विकासका लागि राम्रा समझदारी पनि छन्। जलमार्ग तथा रेलमार्ग र पर्यटन लगाएका केही बहुआयामिक योजनामा अब सहकार्य अघि बढ्दैछ। भारतलाई विस्तारवादी नजरमा मात्रै हेर्ने हो भने हामी हाम्रो देशलाई आत्मनिर्भर बनाउन नसक्दासम्म हाम्रा पैताला देखि शिर सम्म र सिमाना देखि घर भित्रको भान्सासम्म विस्तारवाद मात्रै देख्नेछौं। हाम्रो देशको महत्त्वपूर्ण प्राकृतिक सम्पदाको दोहन भारतले मात्रै गरेको ठान्नेछौं ।

भूगोलको लिपुलेक जस्तै आस्था र स्वाभिमानका हजारौं लिपुलेकहरु जोगाउदै सानो भएपनि समृद्धिको नेपाल निर्माण गर्न विश्वसामु सिंजाजस्तै सभ्यता र वैभव विकसित गरौं । यो समृद्धिको अभियानको कमाण्डर जनताले जनमत मार्फत नेकपालाइ बनाएकै छन्। यसबेलामा हामी कम्युनिस्टहरुमा बिलासिताको मोह हिजोका राजा रजौटाजस्तै भएर जान मिल्दैन। सत्ता सुविधामा रम्ने विषयमा पार्टी कार्यकर्ता भन्दापनि जनप्रतिनिधि नियन्त्रण गरिसक्न कठिन छ । समयमै चेत नफर्केमा गोर्खालीसँगको लडाइँमा नसकेर सिंजा राज्यबाट सिंजाका अन्तिम राजा शोभान शाही भागेर तिब्बत गएझैं हामीलाई पनि देशभित्र बसिरहन नसक्ने स्थिति आउन सक्छ। लेखक : नेकपा कालिकोटका नेता हुन । कर्णालीपाटिबाट

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साझँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# माघ २९ देखि ब्यापारिक तथा सांस्कृतिक महोत्सब

मिसन न्यूज
सल्यान



उद्योग बाणिज्य संघ सल्यानले आगामी माघ २९ गते देखी फागुनको ११ गते सम्म ब्यापारिक तथा सांस्कृतिक महोत्सबको आयोजना गर्ने भएको छ । उद्योग बाणिज्य संघ सल्यानमा बसेको कार्यसमिति बैठकले केहीनिर्णय गर्दै आफनो रजतजयन्ती र ९ औ बार्षिक उत्सब पनि मनाउने भएको हो । संघले माघ २९ गते देखी हुने प्रादेशिक महोत्सबको समुद्घाटन कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीलाई बोलाउने निर्णय गरेको छ भने माघ २२ गते हुने रजतजयन्तीको अबसरमा नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रीय अध्यक्ष भवानी रानालाई बोलाउने निर्णय गरेको छ ।

जिल्लामा उत्पादित बस्तुहरुको बजारिकरण तथा जिल्लाका पर्यटकिय स्थलहरुको प्रचार प्रसारमा महोत्सबले केही प्रेरणा दिने ध्येय राखेकोले श्रीनगरमा महोत्सबको आयोजना गर्न लागीएको संघले जनाएको छ । संघका अध्यक्ष बिर बहादुर चलाउनेको अध्यक्षतामा बसेको कार्यसमितिको बैठकमा बोल्दै निबर्तमान अध्यक्ष सुधन श्रेष्ठले संघ बिगतमा बिभिन्न आरोह अबरोह पार गर्दै नयाँ संरचनामा आएकोले अबको बाटो सल्यान जिल्लाको आर्थिक बिकास,जिल्लामा पर्यटक ब्यबसायको प्रचारप्रसार,जिल्लामा उत्पादित बस्तुको बजारिकरणको लागी महोत्सबको आयोजना गर्न लागीएको जानकारी दिए।उनले बिगतमा संघले आयोजना गरेका महोत्सबबाट सिक्दै जिल्लाकै बिकासकोलागी यो पटकको महोत्सबको आयोजना गर्न लागीएको पनि बताएका छन । महोत्सबबाट भएको आम्दानीले बिशेष गरि आम ब्यापारी,कृषकका समस्याहरुको न्यूनिकरणको लागीखर्च गर्ने उद्योग बाणिज्य संघले जानकारी दिएको छ । संघले लामो समय पछि महोत्सबको आयोजना गर्दैगर्दा केहि चुनौतिहरु त छन तर ब्याबसायिक हकहितको लागी यो महोत्सबहरुको आयोजना हुन पनि जरुरी पनि रहेको तथा महोत्सबको लागी सबैको सहयोग अपरिहार्य रहेको,जिल्लाको हकहितको लागी सबैले हात्तेमालो गर्न आबश्यक रहेकोले महोत्सब सफल बनाउनको लागी आ–आफनो ठाउबाट सहयोगको आबश्यकता रहेको संघका अध्यक्ष बिर बहादुर चलाउनेले बताएका छन । महोत्सब अबधिभर १ लाख आमजनसमुदायले प्रत्यक्ष अबलोकलन गर्ने र करिब १ करोडको कारोबार हुने लक्ष्य राखिएको उद्योग बाणिज्य संघ सल्यानले जनाएको छ।सल्यान जिल्लाको समग्र बिकासको आधार कृषि पर्यटन,ब्यापार समृद्धिको आधार भन्ने उद्देश्यका साथ सल्यान जिल्लाका निम्ती महोत्सबले कहि टेवापुग्ने बिश्वास गरिएको छ । यसै गरी संघले माघ २२ गते आफनो रजतजयन्ती मनाउनुको साथै आफनो ९औं साधारण सभापनि गर्न लागीएको र आज बसेको बैठकलेरजतजयन्तीको लागी र महोत्सबको लागी कार्यसमितिको सम्पुर्ण सदस्यलाई जिम्मेवारी बाँडफाँड गरिएको संघका महासचिब भरत बस्नेतले जानकारी दिए । सल्यानमा कृषि,पर्यटन,उद्योग,सांस्कृतिक तथा ब्यापार संगै बिकासको परिकल्पना,आर्थिक उन्नतीको लागी महोत्सब करिब ११ दिन सम्म संचालन हुनेभएको हो । महोत्सबमा बिभिन्न प्रर्दशनीका सामाग्री र स्टलपनि राखिने भएको छ। महोत्सब अबधिभर जिल्ला तथा राष्ट्रिय स्तरका ख्यातीप्राप्त कलाकार हरुको पनि सहभागिता रहने छ ।


## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी भिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध


नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# प्रशासनले भत्कायो छाउगोठ

मिसन न्यूज
सुर्खेत

जिल्ला प्रशासन कार्यालयको अगुवाइमा सुर्खेतमा ३०० छाउगोठ भत्काइएको छ । सरकारले छाउगोठ हटाउन स्थानीय प्रशासनलाई निर्देशन



दिएपछि प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारी नेतृत्वको टोलीले तीन दिनको अवधिमा ३०० छाउगोठ भत्काएको हो । जिल्ला प्रशासन कार्यालयले पश्चिम सुर्खेतका पञ्चपुरी नगरपालिका, बराहताल गाउँपालिका र चौकुने गाउँपालिकामा छाउगोठ भत्काउने अभियानलाई पहिलो प्राथमिकतामा राखेको छ । यहाँका यी तीन स्थानीय तहमा छाउपडी कुप्रथा व्याप्त रहेको छ । यसअघि विभिन्न गैरसरकारी संस्थाको पहलमा छाउपडीमुक्त घोषणा गरिए पनि स्थानीयले पुनः छाउगोठ निर्माण गरी प्रयोगमा ल्याएका हुन् । महिनावारी भएकी महिलालाई घरदेखि अलग्गै हावा तथा प्रकाश नछिर्ने गरी बनाइएका स-साना घरलाई छाउगोठ भन्ने गरिन्छ । महिनावारी हुँदा कम्तीमा पाँचदेखि सात दिनसम्म छाउ बार्ने चलनलाई 'छाउपडी' भन्ने गरिन्छ । 'छाउपडी' बस्ने घर नै छाउगोठ हुन् । पछिल्लो समय छाउगोठमा महिलाको मृत्यु हुने क्रम बढेपछि गृह मन्त्रालयले स्थानीय प्रशासनलाई त्यस्ता छाउगोठ हटाउन कडा निर्देशन दिएको हो । सुर्खेतमा करिब एक हजार ८०० छाउगोठ रहेको बताइएको छ । यतिबेला सुरक्षाकर्मीसहित जिल्ला प्रशासन नेतृत्वको तीन टोली गाउँबस्तीमा खटिएको छ । प्रजिअ अधिकारीले छाउगोठ हटाउने अभियानमा स्थानीय जनप्रतिनिधि, महिला अगुवाहरुको समेत सक्रिय सहभागिता रहेको बताए । उनका अनुसार स्थानीय तहमा छाउगोठ हटाउन समिति गठन गरिएको

**बाँकी ८ पेजमा.....**

# कार्यालय हाताभित्रै जुवा धन्दा

मिसन न्यूज
कालिकोट

जिल्लाको मालपोत कार्यालय र नापी कार्यालय हाताभित्र कर्मचारीले जुवातास खेल्ने गरेका छन् । सरकारी कर्मचारीले कार्यालय भित्रै जुवातास



खेल्ने गरेको सूचनाका आधारमा सञ्चारकर्मीको टोलिले कार्यालयको हातामै कर्मचारीलाई तास खेल्दै गरेको अवस्थामा फेला पारेको हो । दुवै कार्यालयका कर्मचारीले शनिबारको दिन रमाइलो गर्ने भन्दै जुवातास खेल्ने गरेका थिए ।

मालपोत कार्यालयका भक्तबहादुर शाही, नापी कार्यालयका रंगबहादुर बुढा र मालपोत कार्यालयका कम्प्युटर अपरेटर वीरेन्द्रबहादुर शाहीलगायतकाले सरकारी कार्यालयको हाताभित्र जुवातास खेलिरहेका थिए । उनीहरुले मनोरञ्जनका लागि तास खेलेको स्वीकारेका छन् । 'हामीले मनोरञ्जनका लागि रमाइलो गरे पनि पैसा राखेर खेलेका छैनौं ।' मालपोत कार्यालयका भक्तबहादुर शाहिले भने, 'विदाको दिन टाइम पास गरेका हौं ।' तर उनीहरूले हरेक दिन बिहान र बेलुका पैसा राखेर कार्यालय हातामै जुवा खेल्ने गरेको प्रत्यक्षदर्शीले बताए । आफ्नो नाम नबताउन चाहेका एक प्रत्यक्षदर्शीले भने, 'उनीहरूले विदा मनाउने भन्दै बिहानैदेखि घाममा बसेर एक सयको दाउमा तीनपत्ते फलास खेलिरहेका थिए ।' सरकारी कार्यालयको हातामै कानून विपरीत कर्मचारीले तास खेल्ने काम गर्न नहुने प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौड्यालले जानकारी दिए ।

विदाको दिनमा भए पनि कार्यालय हाताभित्र कुनै पनि ढंगले जुवा खेल्न पाइदैंन । अधिकारी पौड्यालले भने, कर्मचारीले कार्यालय हातामै जुवा खेलेकै प्रमाणित भए सम्बन्धित कर्मचारीलाई कारबाही हुन्छ ।

# एक कुलोकै पानीबाट बिजुली, घट्ट र सिंचाइ

मिसन न्यूज
जुम्ला

जिल्लाको तिला गाउँपालिकामा पर्ने दुर्गम पुरुगाउँमा एउटै कुलोको पानीबाट घट्ट सञ्चालन, बिजुली उत्पादन र सिंचाइ गरिएको छ । टुकी निर्भर यो गाउँमा बत्ती बलेपछि झिलीमिली भएको हो ।

वन तथा बातावरण मन्त्रालय र विश्व खाद्य कार्यक्रमअन्तर्गत स्थानीय संस्था पेस नेपालले 'खाद्य सुरक्षा र जलवायु अनुकूलताको क्याप्स कर्णाली' परियोजनाअन्तर्गत गाउँपालिकालाई सहयोग गरेपछि स्थानीय वासिन्दाले यो सुविधा पाएका छन् । गाउँको १६ हेक्टर जमीनमा सिँचाइ सुविधा पुगेको वडा नं ७ का वडाध्यक्ष सन्तवीर रावतले जानकारी दिए । उनले भने,



गाउपालिकाका समन्वय र अन्य वित्तिय संस्थाका सहयोगले सोही कुलोबाट ११ किलोवाट बिजुलीसमेत निकालिएको छ । गाउँपालिकाको पुरुगाउँका जम्मा ११८ घरधुरी रहेको सो गाउँमा पक्की कुलो निर्माणपछि बिजुली बत्ती निकालिएको लसुनडाँडी बहुउद्देश्यीय सिँचाइ योजनाका सचिव नरेन्द्र विकले बताए । उनले भने, सिंचाइ, बत्तीसँगै घट्ट पनि सञ्चालनमा ल्याउने तयारी थालिएको छ ।

५२ लाख रुपैयाँ लागतमा कुलोको निर्माण सम्पन्न भएको पेस नेपालका कार्यकारी अध्यक्ष किशोर न्यौपानले जानकारी दिए । गाउँपालिकाका अध्यक्ष रतननाथ योगीले सिँचाइ, बिजुली र घट्टले आर्थिक जीवन माथि उकास्ने बताए ।

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाँझाे जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# युवा भेडा,बाख्रापालन व्यवसायमा आकर्षित

मिसन न्यूज
मुगु

जिल्लाको छायानाथ रारा नगरपालिका बाम गाउँमा भेडा, बाख्रापालन व्यवसायमा युवाको आकर्षण बढ्दो क्रममा रहेको छ। आम्दानीको अन्य विकल्प नभएपछि युवा भेडाबाख्रा पालनलाई मुख्य पेशाका रूपमा अंगालेका हुन् । यो व्यवसायमा लाग्न गुर्डनेर्वश इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग रहेको छ भने किर्डाक नेपाल मुगुले आर्यआजन कार्यक्रमअन्तर्गत घुम्ती कोष परिचालनमार्फत बेरोजागार युवालाई ऋण दिन थालको छ। बेरोजगार भएकै कारण परिवार पाल्नकै लागि यहाँका अधिकांश युवा भारत जाने गरेकोमा अहिले हिमाली कृषि सहकारी संस्थाबाट ऋण लिई भेडा, बाखा पालन व्यवसायमा लागेका छन् । छायानाथ रारा नगरपालिका-१४ का रगंवीर बढुवाल भन्छन् 'मेरो ६ जनाको परिवार छ। बेरोजगार थिएँ। आफ्नो आम्दानीको लागि भेडापालन व्यवसाय रोजेँ। यो व्यवसाय राम्रै भएको छ।' सहकारीको घुम्तीकोषमार्फत ४० हजार रुपैयाँ ऋण लिएर पहिला भेडापालन व्यवसाय सुरु गरेका बुढवालले पछि बाखा पालन गरेको बताए। उनले अहिले



५० वटा बाख्रा पालिरहेको बताए। बेरोजगार हुँदा पैसाको अभाव थियो भन्दै अहिले बाख्रापालनसँगै खुद्रा पसल पनि गरेको बढुवालको बताए। बाम गाउँमा यस्तै व्यवसाय गरेर आत्मनिर्भर बन्न खोज्ने धेरै युवा छन्। छायानाथ रारा नगरपालिका-१४ कै धर्मदत्त बढुवाले पनि घुम्तीकोषमार्फत भेडापालन गरेक छन्। उनले पनि घुम्तीकोषमार्फत ४८ हजार ऋण लिई व्यवसाय गरेको बताए। यो व्यवसाय अंगालेसँगै दैनिक घरखर्च चलाउन, छोराछोरीलाई कापी, कलम किन्न सहज भएको धर्मदत्त बताउँछन्। १४ वडामा घुम्तीकोष हिमाली कृषि सहकारीमार्फत ऋण लिई भेडा, बाख्रापालन, खुद्रा पसल, कुखुरापालनलगायत अन्य व्यवसाय गर्ने धेरै छन्। घुम्तीकोष सञ्चालन भएसँगै बेरोजगार युवाको जीवन यापनमा परिवर्तन भएको किर्डाक नेपाल मुगुका संयोजक टेक बहादुर शाही बताउँछन्। उनका अनुसार आर्थिक अवस्था कमजोर भएका स्थानीयलाई आर्यआर्जन गर्न सहज होस् भन्ने उद्देश्यले उक्त संस्थाले सहयोग गरेको हो। स्थानीय सहकारीलाई घुम्तीकोष सहयोग गरी सहकारीमार्फत ऋण लिने व्यवस्था भएकाले

**बाँकी ८ पेजमा.....**

# क्यान्सरप्रतिरोधी तत्वसमेत पाइने ब्रोकाउली



प्रायःजसो जाडो मौसममा सहज र सुलभ रुपमा बजारमा उपलब्ध हुने तरकारीहरुमध्येको एक हो ब्रोकाउली। तिख्खर स्वाद र एक किसिमको गन्धका कारण धेरैजसोका लागि यो रुचिकर तरकारी बन्दैन। खासगरी, केटाकेटीहरुले त यो तरकारी खान खासै मन गर्दै गर्दैनन्। तर ब्रोकाउली तरकारीहरुमध्येमा पनि सबैभन्दा शक्तिशाली, फाइदाजनक मानिन्छ। ब्रोकाउली क्रुसिफेरोस तरकारी समूहमा पर्दछ र यो बन्दाकोपी, फूलकोपी समूहका तरकारीको नजिकको नातेदार पनि हो। ब्रोकाउलीमा सुल्फोरोफेन तत्त्व पाइन्छ।

मूलतः सल्फर भएको यो तत्त्व क्रुसिफेरोस समूहका अन्य तरकारीहरुमा पनि पाइन्छ। तरकारीहरुमध्ये ब्रोकाउली एउटा त्यस्तो महत्त्वपूर्ण र स्वास्थ्यको लागि अत्यन्तै उपयोगी तरकारी हो, जुन स्वस्थ शरीरका लागि चाहिने महत्त्वपूर्ण खनिज, भिटामीन तथा फाइबरहरुले भरिपूर्ण त छँदैछ, त्यसमाथि थप यो तरकारीमा क्यान्सरप्रतिरोधी तत्त्वहरु समेत हुने गरेको कुरा अनुसन्धानहरुले देखाएको छ। आउनुहोसु, हामी पनि सुपर फुडको दर्जा पाएको ब्रोकाउलीले गर्ने फाइदाहरुबारे केही चर्चा गरौं। अमेरिकाको ओरेगन स्टेट युनिभर्सिटीले गरेको एक अध्ययन रिपोर्ट अनुसार, ब्रोकाउलीमा क्यान्सरसँग लड्ने तत्त्व पाइन्छ। त्यो तत्त्वको नाम सुल्फोराफेन (क्गाीयचबउजबलभ) हो। यो तत्त्वले क्यान्सर लाग्न नदिने मात्रै होइन, त्यसले क्यान्सरको उपचारलाई पनि प्रभावकारी बनाइदिने गर्छ। विशेष गरेर ब्रोकाउली प्रोस्टेटको क्यान्सर रोक्न र त्यसको उपचारमा धेरै प्रभावकारी देखिएको छ। यसमा हुने उक्त क्यान्सर प्रतिरोधी तत्त्व सुल्फोराफेनले प्रोस्टेट क्यान्सरको कोषहरुलाई मार्ने गरेको र उक्त रोगको विकासलाई सुस्त बनाउने गरेको पाइएको थियो। त्यसका साथसाथै, यस तत्त्वले क्यान्सरको उपचार पद्दति किमियोथेरापीको प्रभावकारितालाई पनि बढाइदिने गरेको फेला परेको थियो। उक्त अध्ययनले क्यान्सरको रोगीहरुले औसतभन्दा बढीमात्रामा ब्रोकाउली खानुपर्ने पनि सुझाव दिएको थियो। ब्रोकाउलीलाई पूरक खानाको रुपमा खानेगरेमा त्यसले थप फाइदा गर्ने पनि बताइएको थियो।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैंक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# बेरोजगारलाई सरकारले रोजगार दिने

**मिसन न्यूज**
**काठमाडौं**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले सरकारले यो वर्ष ६० हजार बेरोजगारलाई सय दिनको रोजगारी दिने बताएका छन् । मन्त्री यादवले ३ महिनामा मन्त्रालयले गर्ने कामहरु सार्वजनिक गर्दै चालू आर्थिक वर्षमा ६० हजार बेरोजगारलाई एक सय दिनको रोजगारी दिने बताएका हुन् । गत आर्थिक वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक लाख ८७ हजारले १३ दिनको रोजगारी पाएका थिए । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीमा खटिने श्रमिकहरूको दुर्घटना विमा गरिने मन्त्रालयको कार्ययोजनामा उल्लेख छ। त्यस्तै, तीन महिनामा



१५ हजार रोजगारदाता र १ लाख योगदानकर्तालाई सामाजिक सुरक्षामा ल्याउने मन्त्रालयको लक्ष्य छ । वैदेशिक रोजगारीको क्रममा अंगभंग भएका वा मृत्यु भएका हकवालाले स्थानीय तहबाटै सुविधा पाउने र वैदेशिक रोजगार विभागका सबै अभिलेख विद्युतिय अभिलेखाङ्कन गर्ने मन्त्रालयको ३ महिने कार्य योजना छ।

# मलेसियाले नेपाल भ्रमण वर्ष मनायो

**एजेन्सी**
**मलेसिया**

मलेसियामा पनि नेपाल भ्रमण वर्ष सन् २०२० शुभारम्भ भएको छ । नेपाली दूतावासको कार्यालय, क्वालालम्पुरमा विशेष कार्यक्रमको आयोजना गरी  मंगलबार नेपाल भ्रमण वर्ष २०२० को उद्घाटन गरिएको हो । सन् २०२०



मा २० लाख पर्यटक भित्र्याउने नेपाल सरकार को लक्ष्यलाई सफल बनाउनु मलेसियामा कार्यक्रम शुभारम्भ गरिएको नेपाली दूतावासले जनाएको छ ।

मलेसियाका पर्यटन, कला तथा संस्कृतिमन्त्री दातुक मोहमद्दिन विन केतापीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मलेसियाको पर राष्ट्र मन्त्रालयलगायतका सरकारी कार्यालयहरु, पर्यटन प्रवर्द्धनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरु, मलेसिया र नेपालवीच हवाईसेवा सञ्चालन गर्ने कम्पनीहरु, टुर तथा ट्राभल्स एजेन्सीहरु, होटल, उद्योगी तथा व्यापारिक वर्ग, मिडियालगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा मलेसियाका पर्यटनमन्त्री केतापीले नेपाल भ्रमण वर्ष २०२० को सफलताको शुभकामना व्यक्त गर्दै विश्वका धेरै पर्यटकहरुको रोजाइमा नेपाल रहने विश्वास व्यक्त गरे । साथै पर्यटनको विकासको लागि उत्पादकत्व, प्रचार प्रसार, बजार रणनीति, मानव श्रोतको विकास र नयाँ प्रविधिको प्रयोग अभिवृद्धि सबैले गर्नुपर्नेमा मन्त्री केतापीले जोड दिए। कार्यक्रमलाई सम्बोधन गर्दै मलेसियाका लागि नेपालका राजदूत उदयर ाज पाण्डेले नेपालको विकासमा पर्यटन क्षेत्रले खेलेको भूमिका, नेपालमा पर्यटन क्षेत्रमा रहेका अवसरहरु, नेपाल र मलेसियावीचमा पर्यटन प्रवर्द्धनको क्षेत्रमा हुनुपर्ने साझेदारीलगायतका विषयमा प्रकाश पारेका थिए । राजदूत पाण्डेले मलेसियन नागरिक तथा विदेशीहरुलाई नेपाल भ्रमणको निमन्त्रणा गर्दै मलेसिया भ्रमण वर्ष २०२० को सफलताको शुभकामनासमेत व्यक्त गरे ।

# सताको भाग्यफल

| | |
|---|---|
| मेष : | प्रारम्भमा रमाइलो पारिवारिक जमघट हुनेछ। ज्ञानले व्यक्तित्व निखार्ने अवसर जुट्नेछ। इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ। सोमवारपछि मित्रहरूको सहयोगले हौसला प्रदान गर्नेछ। आयस्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता हुनेछ। |
| वृष : | प्रारम्भमा खर्च बढ्ने हुँदा धेरै रकम जोहो गर्नुपर्ला। थैलीको मुख बलियो नहुँदा धनमाल हराउन सक्छ। सोमवारपछि आफन्तसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ। नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ। भोजभतेरको निम्तो आउन सक्छ। पारिवारिक जमघटमा मन रमाउनेछ। |
| मिथुन : | सञ्चित कर्मको प्रतिफल प्राप्त हुनेछ। आम्दानीले विभिन्न आवश्यकता पूरा हुनेछन्। तर साथसाथै धन बाहिरिनाले चिताएका काम पूरा गर्न कर्जा वा सरसापट लिनुपर्ने हुन सक्छ। खर्च लागे पनि टाढाको यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। बिहीवारदेखि आफन्त र साथीभाइसँग रमाइलो भेटघाट हुनेछ |
| कर्कट : | उत्तरार्धमा केही उतारचढाव आए पनि यो साता उत्साहवर्द्धक रहनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। तर खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला। |
| सिंह : | समयको महत्त्व बुझ्नेहरूलाई भाग्यले राम्रो साथ दिनेछ। धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ। विभिन्न अवसर आए पनि मंगलवार र बुधवार विवादास्पद काममा अलमलिनुपर्ला। तापनि मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ। कीर्तिमानी काम सम्पादन हुनेछ। |
| कन्या : | प्रारम्भमा कमजोर शरीर लिएर कठिन काममा जुट्नुपर्ला। अरूको स्वार्थमा उपयोग भइने हुँदा व्यवहारमा सजग रहनुहोला। सोमवार साँझदेखि स्थितिमा सुधार आउनेछ। सानो प्रयत्नले ठूलो काम बन्नेछ। सुखदुःखमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन्। लगनशीलताले सम्मानित स्थान दिलाउन सक्छ। |
| तुला : | सुरुमा प्रियजनसँग भेटघाट हुनाले रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। तर खर्चको मात्रा बढ्नेछ। व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ। मंगलवारदेखि अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। अर्थ अभावले आँटेको काम स्थगित हुन सक्छ। |
| वृश्चिक : | मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन्। रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ। खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ होला। सरल जीवनशैलीले अरूलाई प्रभावित बनाउन सकिनेछ। खर्च लागे पनि विलासी वस्तुहरू जुटाउन सकिनेछ। |
| धनु : | अध्ययनमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। शुभचिन्तकहरूले साथ दिनेछन्। बुद्धिको उपयोगले लक्ष्यमा पुग्न सकिनेछ। अध्ययनमा प्रगति हुनेछ भने सहपाठीहरूलाई पछि पार्न सफल भइनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। |
| मकर : | प्रारम्भमा काम बिग्रने भयले सताउन सक्छ। आफन्तजन टाढिनाले एक्लोपनाको अनुभूति हुनेछ। तर, सोमवारदेखि स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसर प्राप्त हुन थाल्नेछन्। अध्ययनमा प्रगति हुनेछ भने बुद्धिले लक्ष्यमा पुर्याउनेछ। व्यवसायका लागि रमाइलो यात्रा गर्नुपर्ला। |
| कुम्भ : | बीचमा केही उतारचढाव आए पनि यो सातामा पुरुषार्थी काम गर्दै लोकप्रियता हासिल गर्ने समय छ। अग्रज तथा सहयोगीहरूले राम्रो साथ दिनेछन्। विशेष अवसरले ठूलै काममा हिम्मत जगाउनेछ। दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ। पुरुषार्थ देखाएर दाम समाउने अवसर छ। |
| मीन : | प्रारम्भमा असंयम व्यवहारले यदाकदा चुनौती निम्त्याए पनि यो साता उत्साहवर्धक रहनेछ। अग्रजहरूको सहयोग र सद्भाव प्राप्त हुनाले महत्त्वाकांक्षी काम प्रारम्भ गर्न सकिनेछ। सुखद समाचारले उत्साह जगाउनेछ। मानसम्मान प्राप्त हुनेछ र प्रशस्तै आम्दानी बढ्नेछ। |

## युवा भेडा,बाखापालन......................

आर्यआजानक गर्न इच्छुक जो कोहिले पनि ऋण लिन सकिने शाहीको भनाइ छ। यता छायानाथ रारा नगरपालिका-१२ शोभा गाउँको हातेमालो कृषि सहकारीलाई पनि गुर्डनेर्वश ईन्टरनेशनल नेपालको आर्थिक तथा किर्डाक नेपाल मुगुले आर्यआजन कार्यक्रमअन्तर्गत घुम्तीकोष परिचालनमार्फत १२ लाख बराबरको अनुदान दिइएको छ। बेरोजागार युवालाई शोभामापनी सहकारीमार्फत ऋण दिन थालेपछि बेरोजार युवाले ऋण लिई खुद्रा पसल, खरायो पालनलगायतका व्यवसाय गरी जीविकोपार्जन गर्दै आएका हातेमालो कृषि सहकारी संस्थाले जनाएको छ। शेभा गाउँका किशोर कुमार बुढाले पनि ४० हजार सहकारीमा ऋण लिई १० वटा खरायोबाट व्यवसाय शुरु गरेको र आम्दानी पनी राम्रै भएको बताए।

## काइनेट उत्खनन रोक्दै......................

विभागले काइनेट उत्खननका लागि अनुमति पत्र दिने क्रममा २२ वटा शर्त राखेको छ। शर्त स्वीकार गर्दै कम्पनीका सञ्चालक गोपाल माझिले हस्ताक्षर गरेका छन। शर्त नम्बर २ मा 'दैनिक १ सय २० टनमा सीमित रही पहाडको माथिबाट तलतर्फ उत्खनन गर्दै जानुपर्ने, सोभन्दा बढी उत्खनन गर्नु परे विभागबाट स्वीकृत लिनुपर्ने' उल्लेख छ।

तर कम्पनीले ठीक उल्टो गरेको पाइएको अध्यक्ष चौलगाईले बताए। कम्पनीले वन तथा भूसंरक्षण विभागसँग गरेको सम्झौतासमेत उल्लंघन गरेको छ। विभागसँगको सम्झौतामा 'वनस्पति विकासमा अवरोध पुर्याउने, जीवजन्तुको वासस्थानमा हानिनोक्सानी पुर्‍याउने, प्राकृतिक वा भौतिक स्वरुप बिगार्ने वा सिमसार क्षेत्रको पर्यावरणीय स्थिति प्रतिकूल असर पुर्याउने' कार्य नगर्ने भनिएको छ। यी कुनै पनि शर्त कम्पनीले पालना नगरेकाले पर्यावरणीय असर पुगेको उनले बताए। यस्तै बहुमुल्य पथ्थर पाइने जिल्लाको शान्नि त्रिवेणि गाँउपालिकाले पनि पथ्थर खानि उत्खननमा कडाई गरेको छ।

शान्नि त्रिवेणिको मुम्रमा पाइने टल्किने पथ्थर खानिमा पनि कडाई गरेको गाउँपालिका अध्यक्ष डम्वर बहादुर शाहिले जानकारि दिए। उनका अनुसार, गाँउपालिकाको मुख्य आम्दानिको स्रोत भनेकै पथ्थर खानि हो। यस भन्दा अगाडि जथाभावि उत्खनन भयो। अहिले जथाभावि उत्खनन कार्य रोक्ने निर्यण गरेको बताए।

## प्रशासनले झत्कायो ......................

छ। 'पुनः छाउगोठ बनाएर महिनावारी बार्ने गरेको पाइएमा छाउगोठमा बस्ने र बसाल्ने दुवैलाई कानूनी कारवाही हुनेछ,' उनले भने। छाउगोठमा बसाल्न उत्प्रेरित गर्ने धामीझाँक्रीलाई समेत सचेत गराउने तयारी रहेको प्रजिअ अधिकारीको भनाइ छ। मुलुकी अपराधसंहितामा छाउपडीलाई अपराधका रुपमा परिभाषित गर्दै छाउगोठमा बस्ने र बस्न पठाउने दुवैलाई तीन महिना कैद र रु तीन हजार जरिवानाको व्यवस्था छ।


बालबालिका, वृद्धविद्धा, गर्भवती महिला तथा विरामिहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यावस्था मिलाऔं।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



### मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रूपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
- खुला रूपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

**पचालझरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**



### क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।

२. साझँ पख सधै ज्वरो आउनु।

३. खाना खान मन नलाग्नु।

४. तौल(वजन) घट्नु।

५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**



### बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



### 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ।

**सम्पर्क ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत